# पत्रकार आचार संहिता-२०६०

## Code of Journalistic Ethics-2003



**आम प्रेस र पत्रकारका लागि**

प्रेस काउन्सिल नेपाल
PRESS COUNCIL NEPAL

# पत्रकार आचारसंहिता-२०६०

(संशोधित तथा परिमार्जित-२०६४)

## Code of Journalistic Ethics-2003

**(Amended and revised - 2008)**

प्रेस काउन्सिल नेपाल
PRESS COUNCIL NEPAL

# उद्देश्य र अपेक्षा

सूचना-प्रविधि, भौतिक पूर्वाधार र शिक्षित-जागृत समाजको विकास र विस्तारसँगै नेपाली पत्रकारिताको दायरा फराकिलो हुँदै गएको छ। रेडियो, टेलिभिजन, छापा र इन्टरनेट-अनलाइनजस्ता संचारमाध्यमहरू नेपाली जीवनका अनिवार्य अंग बन्दै गएका छन्। स्वतन्त्र प्रेस र संचार-माध्यमहरू स्वभावतः समाजप्रति जवाफदेही हुनुपर्छ। पहुँच र प्रभाव बढ्दै जाँदा प्रेस र संचारमाध्यमहरूको समाजप्रतिको दायित्व र जिम्मेवारी पनि बढ्न जान्छ। त्यसरी थपिएको अतिरिक्त जिम्मेवारी बहन गर्न पत्रकार र संचारमाध्यमहरू तत्पर मात्र नभई सक्षम पनि हुनु जरुरी हुन्छ।

यस सन्दर्भमा प्रेस काउन्सिल नेपालको जिम्मेवारी पनि नबढी रहन सक्दैन। प्रेस काउन्सिल ऐन २०४८ ले काउन्सिलको कार्यक्षेत्र छापा-पत्रकारिता मात्र तोकेको भए तापनि, यताका वर्षहरूमा विस्तारित प्रसारण माध्यम (रेडियो, टेलिभिजन र इन्टरनेट-अनलाइन) मा आधारित प्रेसको निम्ति समेत आचारसंहिता निर्माण तथा त्यसको कार्यान्वयन, अनुगमन र तत्सम्बन्धी उजुरी-गुनासो सुन्ने जिम्मेवारी यसमा थपिन आएको छ। नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६३/३/२७ को पत्रअनुसार थपिएको उक्त दायित्व निर्वाह गर्ने क्रममा पहिलो खुट्किलोको रूपमा यो आचारसंहिता जारी गरी लागू गरिएको छ। नेपाल सरकार र नेपाल पत्रकार

महासंघको संलग्नता एवं सहमतिमा निर्मित यो आचारसंहिता नेपालका सम्पूर्ण पत्रकार तथा सबै प्रकारका प्रेस र संचारमाध्यमहरूमा समान रूपमा लागू हुनेछ। यस आचार-संहिताका बुँदाहरू सबै पत्रकार, सञ्चारमाध्यम र सञ्चार संस्थाहरूले सधैं हेक्का राख्नुपर्ने आधारभूत साझा सिद्धान्त हुन्। संचारमाध्यमको प्रकृति अनुरुप आवश्यक पर्ने आचारसंहितासम्बन्धी विस्तृत निर्देशिका एवं व्याख्या पनि काउन्सिलले भविष्यमा जारी गर्न सक्नेछ। त्यस्ता निर्देशिकाहरूको निर्माणमा सम्बद्ध सञ्चारमाध्यम र तिनका प्रतिनिधि संस्थाहरूको संलग्नता सुनिश्चित गरिनेछ।

प्रेस तथा संचारमाध्यमको नियमित र स्वतन्त्र अनुगमन (मोनिटरिङ) का लागि प्रकाशित-प्रसारित सामग्रीहरूको सुरक्षित अभिलेख जरुरी हुन्छ। छापामाध्यम अर्थात् पत्र-पत्रिकाहरूको राष्ट्रिय अभिलेख काउन्सिलमा रहेको छ। त्यसका आधारमा काउन्सिलले पत्रपत्रिका र तत्सम्बन्धी माध्यमहरूको स्वतन्त्र र नियमित अनुगमन पनि गर्दै आइरहेको छ। तर रेडियो, टिभीजस्ता प्रसारण माध्यमहरूको व्यापकता र प्राविधिक जटिलताका कारण ती माध्यमबाट प्रसारित सामग्रीहरूको अभिलेख राख्ने कार्य काउन्सिलको प्रयासबाट मात्र तत्काल सम्भव छैन। यसनिम्ति, नेपाल सरकारका अतिरिक्त सम्बद्ध माध्यम, तिनका साझा संगठन र अन्य समुदायको समेत साथ-सहयोग र सक्रियता अपरिहार्य छ। यस्तो सार्वजनिक अभिलेख प्रसारण माध्यमहरूले आचारसंहिता पालना गरे नगरेको अनुगमन गर्ने प्रयोजनका निम्ति मात्र नभई



ती माध्यमबाट प्रसारित समाचार, विचार वा सूचना सामग्रीका कारण अन्याय वा मर्कामा परेको पक्षलाई प्रमाण उपलब्ध गराई न्याय प्राप्तिमा सघाउन पनि जरुरी देखिएको छ।

आचारसंहिता संचारमाध्यम र पत्रकारको बाहिरी शोभा वृद्धि गर्ने गहना होइन, बरु पत्रकारिताको आत्मा हो। आचार र आत्मानुशासनहीन प्रेस तथा पत्रकार सम्मानित र दीर्घजीवी भएको दृष्टान्त विरलै भेटिन्छ। आचारसंहिता कसैले कसैमाथि लाद्ने विषय पनि हैन। यो त आफ्ना लागि आफैंले बनाएर आफैं पालना गर्ने र आफैंले आफूलाई सच्याउने अवधारणा हो।

स्वतन्त्र-पत्रकारिताको उच्चतम अभ्यास त्यतिबेला सुनिश्चित हुन्छ, जब हरेक सञ्चारमाध्यम र पत्रकारका पेशागत संघ-संगठनहरू आफ्ना लागि आचारसंहिताको निर्माण र त्यसको कार्यान्वयन, अनुगमन तथा मर्का परेको पक्षलाई न्याय दिन समेत आफैं तत्पर एवं समर्थ हुन्छन्। पेशागत स्वतन्त्रताको लडाइँमा अजेय शक्तिका रूपमा देश-विदेशमा नाम कमाएको नेपाली पत्रकारिताजगत यस कार्यमा पनि पछिपर्ने छैन भन्ने कुरामा प्रेस काउन्सिल नेपाल आशावादी छ।

**राजेन्द्र दाहाल**
अध्यक्ष

प्रेस काउन्सिल नेपाल
सञ्चारग्राम, तिलगंगा, काठमाडौं।
*२५ माघ २०६४*

© प्रकाशकाधीन

**प्रकाशक : प्रेस काउन्सिल नेपाल**
सञ्चारग्राम, तिलगंगा, काठमाडौं ।
फोन : ४४६९८७८, ४४६९७९९
फ्याक्स : ४४६९८९४
इमेल : prescoun_mdf@wlink.com.np
वेबसाइट : http://www. presscouncilnepal.org

**मुद्रित प्रति** : ५००० प्रति

**मुद्रक** : युनाइटेड ग्राफिक प्रिन्टर्स

**प्रकाशन मिति** : २०६४, माघ

## विषय सूची

पृष्ठ

**क) पत्रकार आचार संहिता–२०६०**

१. प्रस्तावना, नाम, प्रारम्भ र विस्तार १

२. परिभाषा २

३. पत्रकार र सञ्चार माध्यमहरूले निर्वाह गर्नुपर्ने कर्तव्य ३

४. पत्रकार र सञ्चार माध्यमहरूले गर्न नहुने कार्यहरू ५

५. उजुरी तथा तत्सम्बन्धी कार्यविधि ९

६. निर्णय र कार्यान्वयनसम्बन्धी व्यवस्था १४

७. अभिन्न अंग मानिने र खारेजी १६

**ख) Code of Journalistic Ethics-2003** १७-३०

**ग) प्रेस काउन्सिलका सदस्यहरूको आचारसंहिता** ३१-३४

**घ) प्रेस काउन्सिलका कर्मचारीहरूको आचारसंहिता** ३५-३८

# पत्रकार आचारसंहिता-२०६०

## (संशोधित तथा परिमार्जित–२०६४)[1]

**प्रस्तावना :**

स्वस्थ पत्रकारिताको विकासका निम्ति संचारमाध्यम र पत्रकारलाई जिम्मेवार र व्यावसायिक बनाई प्रेस स्वतन्त्रताको सम्वर्द्धन गर्दै यसको दुरुपयोग हुन नदिन तथा राष्ट्र र समाजप्रति बढी उत्तरदायी बनाउन एवं नेपालको अन्तरिम संविधान २०६३ द्वारा प्रत्याभूत स्वतन्त्रता र हक अधिकारको जगेर्ना गर्दै जनतालाई सुसूचित गर्ने मूलभूत उद्देश्यले समसामयिक अन्तर्राष्ट्रिय प्रचलन र मान्यताहरूलाई समायोजन गरी पत्रकारिता (प्रेस) का सबै माध्यमहरू समेतलाई समेटेर मौजुदा आचार संहितामा परिमार्जन गर्न वाञ्छनीय भएकोले नेपाल पत्रकार महासंघ समेतको सहमतिमा प्रेस काउन्सिल नेपाल ऐनको दफा (७) को (ख) बमोजिम पत्रकार आचार संहिता २०६० लाई सामयिक संशोधन तथा परिमार्जन गरी जारी गरिएको छ।

### १. नाम, प्रारम्भ र विस्तार :

(१) यस आचारसंहिताको नाम ‘पत्रकार आचारसंहिता -

[1] *काउन्सिलको मिति २०६४।९।१६ को बैठकद्वारा पारित ।*

२०६०' रहेको छ।

(२) यो आचारसंहिता तुरुन्त लागू हुनेछ।

(३) यो आचारसंहिता नेपालमा संचालित संचारमाध्यम तथा नेपालभित्र रहेर पत्रकारिता गर्ने सम्पूर्ण पत्रकारहरूलाई लागू हुनेछ।

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संहितामा–

(क) **'पत्रकार'** भन्नाले छापा, विद्युतीय तथा अनलाइनजस्ता कुनै पनि प्रकृतिका संचारमाध्यम वा समाचारमूलक कार्यक्रम उत्पादन, वितरण गर्ने एजेन्सी वा संस्थामा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन र सम्प्रेषण जस्ता कार्यसँग आवद्ध प्रधान सम्पादक, सम्पादक, सम्पादक मण्डलका सदस्यहरू, संवाददाता, स्तम्भ लेखक, स्वतन्त्र पत्रकार, फोटो पत्रकार, प्रेस-क्यामेरापर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता तथा संचालक, साजसज्जा, दृश्य तथा भाषा सम्पादक जस्ता पत्रकारितामूलक कार्यसँग सम्बन्धित संचारकर्मीहरूलाई जनाउँछ।

(ख) **'संचारमाध्यम'** भन्नाले नेपालमा संचालित पत्रपत्रिका, रेडियो एवं टेलिभिजन प्रसारणहरू, समाचार एजेन्सी तथा इन्टरनेटका समाचार र



सूचना तथा विचारमूलक अनलाइन एवं समाचारमूलक कार्यक्रम उत्पादन-वितरण गर्ने संस्था र सेवाहरू समेतलाई जनाउँछ।

(ग) **'काउन्सिल'** भन्नाले प्रेस काउन्सिल नेपाललाई जनाउँछ।

## ३. पत्रकार र सञ्चारमाध्यमहरूले निर्वाह गर्नुपर्ने कर्तव्य :

(१) **प्रेस स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन :** विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरूको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्वर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनुपर्दछ।

(२) **मानवीयता, मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान :** मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै लोकतन्त्र, न्याय, समानता, मानवीयता, शान्ति र अन्तर्राष्ट्रिय समझदारीको संरक्षण र सम्वर्द्धन तथा मित्र राष्ट्रहरूबीचको भाइचारालाई अभिवृद्धि गर्नुपर्दछ।

(३) **सूचनाको हकको रक्षा र प्रचलन :** आम नागरिकको सुसूचित हुन पाउने हक-अधिकारको

रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहनुपर्दछ।

(४) **सत्य तथ्य सूचनाको सम्प्रेषण :** पत्रकार-संचारमाध्यमले स्रोत र आधार उल्लेख गरी सत्य–तथ्य, वस्तुनिष्ठ एवं सन्तुलित सूचना सम्प्रेषण गर्नुपर्दछ।

(५) **सम्पादकीय स्वतन्त्रता र उत्तरदायित्व :** सम्पादकीय स्वतन्त्रताको सर्वमान्य सिद्धान्तबमोजिम संचारमाध्यमबाट उत्पादित-प्रकाशित–प्रसारित सामग्रीको उत्पादन तथा सम्प्रेषणको अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहित रहनेछ। सञ्चारमाध्यमले आफ्नो माध्यममा सम्पादकीय स्वतन्त्रताको प्रत्याभूति गर्नुपर्दछ।

(६) **गोपनीयताको हकको सम्मान :** सार्वजनिक हितमा प्रतिकूल असर पार्ने बाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ।

(७) **उच्च व्यावसायिक अभ्यास :** पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध रही जवाफदेही एवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न निष्ठापूर्वक उच्च व्यावसायिक अभ्यास गर्नुपर्दछ।



(८) **शिष्ट व्यवहार :** व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनुपर्दछ।

(९) **गल्ती सच्याउने तत्परता :** प्रकाशन तथा प्रसारणका क्रममा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटि सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रस्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नु पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य हुनेछ।

(१०) **सामाजिक दायित्व :** अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हुनेछ।

(११) **आपसी सम्बन्ध :** पत्रकार तथा संचार-माध्यमहरूबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र पेशानिष्ठ हुनुपर्दछ।

४. **पत्रकार र सञ्चारमाध्यमहरूले गर्न नहुने कार्यहरू:**

(१) **राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने :** बहुभाषिक, बहुधार्मिक र बहुजातीय मुलुक नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सु-सम्बन्धमा खलल पार्ने वा गाली-बेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार प्रकाशन, प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन ।

(२) **सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने :** सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादा विपरीत हुने विकृत र उत्तेजक सामग्री प्रकाशन-प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन ।

(३) **समाचारको गोप्य स्रोत खोल्न नहुने :** समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नुपर्दछ । तर, गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा स्रोतको इच्छा र अनुमतिबेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान खुलाउनुहुँदैन ।

(४) **निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने :** संचारमाध्यम वा पत्रकारले प्रकाशन-प्रसारण वा



समाचार सामग्रीको रूपमा वितरण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री सार्वजनिक प्रयोग नगरी व्यक्ति वा संस्थाको निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नुहुँदैन ।

(५) **भेदभाव हुने गरी सूचनाको सम्प्रेषण गर्न नहुने :** जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रङ्गजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नुहुँदैन ।

(६) **पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने :** पीडितलाई थप पीडा पुग्ने गरी भाषा, ध्वनि, तस्बिर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

(७) **पीडित व्यक्तिको नाम, ठेगाना खुलाउन नहुने :** यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको सचेत स्वीकृतिबिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

(८) **हिंसा, आतङ्क र अपराधलाई प्रोत्साहन गर्न नहुने :** विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता क्रियाकलापलाई

अतिरञ्जित गर्ने गरी समाचार, विचार, तस्बिर, मत सर्वेक्षण, ध्वनि वा दृश्यहरू प्रस्तुत गर्नुहुँदैन ।

(९) **बीभत्स दृश्य र तस्बिर प्रकाशन/प्रसारण गर्न नहुने :** समाजमा नैराश्य, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका नग्न, क्षतविक्षत र बीभत्स दृश्य एवं तस्बिरहरू असान्दर्भिक, अश्लील र उत्तेजना फैलिन सक्ने प्रकारले प्रस्तुत गर्नुहुँदैन ।

(१०) **घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने :** कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी समाचार सामग्री प्रस्तुत गर्नुहुँदैन ।

(११) **तथ्य बङ्ग्याउन नहुने :** कुनै टिप्पणी वा स्पष्टताबिना तस्बिर, भिडियो दृश्य, ध्वनि वा तथ्यलाई तोडमोड गरी पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्ने गरी समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

(१२) **विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्न नहुने :** विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्नु, विज्ञापनमार्फत समाचारको खण्डन गर्नुहुँदैन ।



त्यस्तै, एउटा सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चारमाध्यमले गर्नुहुँदैन ।

(१३) **स्रोत उद्धृत नगरी पुनः प्रयोग गर्न नहुने :** कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार वा प्रकाशित-प्रसारित सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी पुनः प्रकाशन, प्रसारण वा वितरण गर्नुहुँदैन । त्यसरी उद्धृत गर्दा सामान्यतः मूलस्रोतको सहमति लिनुपर्दछ ।

(१४) **स्रोतसँग सम्बन्ध :** पत्रकार वा संचारमाध्यमले समाचारस्रोतसँग व्यावसायिक मर्यादा र सीमा बाहिर हुने गरी अनुचित सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थका निम्ति संचारमाध्यमको दुरुपयोग गर्नुहुँदैन ।

## ५. उजुरी र तत्सम्बन्धी कार्यविधि :

(१) कुनै पत्रकार वा संचारमाध्यमले माथिको आचारसंहिता विपरीत समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गरेका कारण कुनै व्यक्ति, समूह वा संस्थालाई मर्का परेको लागेमा मर्का पर्ने पक्षले सर्वप्रथम सम्बन्धित संचार-माध्यमका सम्पादकलाई सम्बोधन गरी लिखित गुनासो, खण्डन वा स्पष्टीकरण प्रस्तुत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया ग्रहण गर्नु र त्यसलाई उचित महत्व र स्थान दिई प्रकाशन अथवा प्रसारण गर्नु सम्बद्ध सम्पादक र सञ्चारमाध्यमको दायित्व हुनेछ। यदि कुनै गुनासो, खण्डन वा प्रतिक्रिया प्रकाशन-प्रसारण गर्न योग्य छैन भन्ने कुरा सम्पादकलाई लागेमा आधार-प्रमाणसहित त्यसको जानकारी सम्बन्धित पक्षलाई दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया सम्बन्धित संचारमाध्यमले प्रकाशन-प्रसारण नगरी चित्तबुझ्दो जवाफ पनि नदिएमा पीडित पक्षले आफ्नो स्पष्टीकरण, खण्डन वा प्रतिक्रियाको प्रतिलिपि संलग्न गरी काउन्सिल समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम पीडित पक्षले पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रियाको मर्म र भावना विपरीत हुने गरी तोडमोड वा थपघट गरी प्रकाशन-प्रसारण भएमा वा प्रकाशन-प्रसारण भएको प्रक्रियाबाट पीडित पक्ष सन्तुष्ट नभएमा वा प्रेस काउन्सिलबाट नै उजुरी विवादको निर्णय गराउन चाहेमा देहाय बमोजिमको विवरण संलग्न गरी पीडित पक्षले प्रेस काउन्सिल समक्ष उजुरी दिन सक्नेछ ।



(क) प्रकाशित वा प्रसारित सामग्रीको प्रतिलिपि ।

(ख) प्रकाशित वा प्रसारित सामग्रीबाट पर्न गएको मर्काको विवरण र त्यसको आधार-प्रमाण ।

(ग) सम्बन्धित संचारमाध्यमलाई आफूले पठाएको स्पष्टीकरण, खण्डन वा प्रतिक्रियाको प्रति ।

(घ) सम्बन्धित संचारमाध्यमका सम्पादकले दिएको जवाफ, खण्डन वा वक्तव्यको विवरण ।

(ङ) सम्बन्धित संचारमाध्यमका सम्पादकलाई प्रकाशित वा प्रसारित सामग्रीका विषयमा भएका पत्राचारहरूको विवरण ।

अन्य न्यायिक वा अर्धन्यायिक निकायमा कारबाही विचाराधीन रहेको भए त्यस्तो उजुरी निवेदनउपर काउन्सिलले कुनै सुनुवाई गर्ने छैन ।

(५) उपदफा (३) बमोजिम काउन्सिलसमक्ष प्राप्त हुन आएको निवेदनका आधारमा पीडितपक्षको स्पष्टीकरण, खण्डन वा प्रतिक्रिया किन प्रकाशित-प्रसारित नगरिएको हो ? प्रकाशित-प्रसारित गर्न नमिल्ने कुनै कारण भए सामान्यतः ७ (सात) दिनभित्र आधार-प्रमाणसहित जवाफ पेश गर्नू र त्यस्तो कुनै कारण नभए अविलम्ब प्रकाशित-प्रसारित गरी सोको जानकारी दिनू भनी

काउन्सिलले सम्बन्धित संचारमाध्यमका सम्पादकलाई आग्रह गरी पत्राचार गर्नेछ ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै पत्रकार तथा सञ्चारमाध्यमले सार्वजनिक हित र सरोकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले नकारात्मक असर पार्ने गरी समाचार प्रकाशन प्रसारण वा उत्पादन वितरण गरेमा प्रेस काउन्सिल आफैँले त्यस्तो पत्रकार वा सञ्चारमाध्यमका विरुद्ध यस संहिता बमोजिम कारबाही अगाडि बढाउन सक्नेछ ।

(७) उपदफा (१), (२) र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि आरोपित पक्षलाई म्याद/सूचना पठाउनुपूर्व उजुरीका सम्बन्धमा काउन्सिलले प्रारम्भिक जाँचबुझबाट तत्कालै सच्याउनुपर्ने, खण्डन गर्नुपर्ने वा क्षमायाचना गर्नुपर्ने वा मुनासिव जवाफ पठाउन लगाउने जस्ता आवश्यक निर्देशन सम्बन्धित पत्रकार वा सञ्चारमाध्यमलाई दिन सक्नेछ ।

(८) यस आचारसंहिताको उल्लंघन गरी कुनै पत्रकार तथा सञ्चारमाध्यमले समाचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गरेमा उजुरवालाले सो समाचार प्रकाशन तथा प्रसारण भएको मितिले सामान्यतः तीस दिनभित्र उजुरी गर्नुपर्नेछ । म्यादभित्र उजुरी



गर्न नसकेको मनासिव कारण भएमा प्रेस काउन्सिलले जहिले पनि उजुरी लिन सक्नेछ ।

(९) उजुरी गर्दा उजुरीकर्ताले सम्बन्धित समाचार सामग्रीको प्रकाशन-प्रसारण वा उत्पादन-वितरण भएको विषयवस्तुको अभिलेख संलग्न राख्नुपर्नेछ । उजुरीकर्ताले त्यसरी विवरण संलग्न राख्न सम्भव नभएको कुरामा काउन्सिल सहमत भएमा काउन्सिल आफैँले यस्तो सामग्रीको अभिलेख झिकाई सुनुवाई गर्नसक्नेछ ।

(१०) यस आचारसंहितामा उल्लिखित आचरणहरूको उल्लंघन गरेको वा भएको छ भनी तथ्ययुक्त प्रमाणसाथ पीडित वा सरोकारवाला पक्षले कुनै पत्रकार तथा सञ्चारमाध्यम विरुद्ध उपदफा (८) बमोजिमको म्यादभित्र काउन्सिलसमक्ष दिएको उजुरीमा काउन्सिलले सामान्य जाँचबुझ गरी आचारसंहिताको उल्लंघन हुने किसिमको कार्य भएको देखेमा आरोपित पक्षलाई सामान्यतया ७ दिनभित्र वा सोभन्दा अगावै आफ्नो निर्दोषिता प्रमाणित गर्ने प्रमाण भए उजुरीको प्रतिलिपि साथै राखी हाजिर हुन आउनू भनी काउन्सिलले म्याद पठाउन सक्नेछ ।

(११) माथि उल्लिखित उपदफाहरू बमोजिम आरोपित पक्षको लिखित जवाफ काउन्सिलसमक्ष दाखिल

भएपश्चात वा तोकिएको म्यादभित्र जवाफ प्राप्त नभए पनि काउन्सिलले सो विषयमा सामान्यतया तीस दिनभित्र निर्णय दिनेछ ।

(१२) उपदफा (११) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले आवश्यक ठानेमा उजुरवाला र आरोपित पक्ष दुवैलाई झिकाई छलफल गर्न सक्नेछ ।

(१३) उजुरवाला र आरोपित पक्ष दुवैथरी मिली मिलापत्रको लागि संयुक्त रूपले लिखित अनुरोध गरेमा काउन्सिलले मिलापत्र गराई विवाद टुङ्ग्याउन सक्नेछ ।

## ६. निर्णय र कार्यान्वनसम्बन्धी व्यवस्था :

कुनै पक्षले यस संहिता विपरीतको आचरण र व्यवहार गरेको ठहरेमा निजलाई प्रेस काउन्सिलले क्रमशः निम्नबमोजिम निर्णय र कारबाही गर्नेछ ।

(१) उजुरीमाथि भएको निर्णयलाई सम्बन्धित सञ्चारमाध्यममा काउन्सिलले तोकेको स्वरुप, स्थान वा समयमा प्रकाशन-प्रसारण वा पुनः उत्पादन-वितरण गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश पालना नगरेमा त्यस्तो आरोपित पक्षलाई अवज्ञाकारीको सूचीमा राखी थप कारबाही अगाडि बढाउन सक्नेछ । काउन्सिलको आदेशलाई दुई पटकभन्दा



बढी अवज्ञा गर्ने संचारमाध्यम वा पत्रकार प्रेस पास रहने प्रकृतिको रहेछ भने प्रेस पास निलम्बित गर्न काउन्सिलले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेस पास निलम्बन भएपछि पनि उपदफा (१) बमोजिमको कार्य नगरेमा काउन्सिलले मूल्यांकन वर्गीकरण गर्ने संचारमाध्यमको हकमा वितरण संपरीक्षण समितिले त्यस्तो पक्षको संचारमाध्यमलाई मूल्यांकन प्रक्रियाबाट अलग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्यांकन प्रक्रियाबाट अलग गराउँदा पनि उपदफा (१) बमोजिम निर्णयको पालना नगरेमा त्यस्तो पक्षलाई काउन्सिलको कल्याणकारी कोष वा अन्य सहयोगबाट निश्चित अवधिका लागि वञ्चित गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सहयोग वञ्चित गराउँदा पनि उपदफा (१) बमोजिम निर्देशित कार्य नगरेमा नेपाल सरकारको तर्फबाट उपलब्ध हुने सुविधाहरू निश्चित अवधिका लागि निलम्बन गर्नका लागि काउन्सिलले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

तर काउन्सिलले आवश्यक ठानेमा एकैपटक उपदफा (४) र (५) बमोजिम दुवै

कारबाही गर्न सक्नेछ ।

(६) काउन्सिलको निर्णयलाई निरन्तर अवज्ञा गर्ने पत्रकार वा सञ्चारमाध्यम विरुद्ध काउन्सिलले खेद प्रकट गरी पटक पटक गरेको कारबाहीको विवरणसहित सार्वजनिक रूपमा प्रकाशित-प्रसारित गर्नेछ ।

**७. यसको अभिन्न अंग मानिने :**

यो आचारसंहिता लागू भएपछि काउन्सिलद्वारा पत्रकार र संचारमाध्यमका निम्ति जारी गरिने सबै प्रकारका निर्देशिकाहरू यस आचारसंहिताको अभिन्न अंग मानिने छन् ।

**८. खारेजी :**

पत्रकार आचारसंहिता, २०५५ खारेज गरिएको छ ।



# Code of Journalistic Ethics-2003

## (Amended and revised – 2008)

**Preamble:**

Whereas it is deemed expedient to revise the existing Code of Journalistic Ethics by covering all forms of the press and making timely adjustments in accordance with international practice and norms, with the basic objectives of safeguarding the freedom and rights guaranteed by the Interim Constitution of Nepal, 2063 (2007), making the people well-informed, rendering the mass media and journalists more responsive towards the nation and society, and avoiding any misuses of the same, and all this through protection of the freedom of the press by means of making the news media and journalists responsible and professional for the sake of developing healthy journalism;

Therefore, with the consent of the Federation of Nepali Journalists as well, the Code of Journalistic Ethics, 2003 has been amended and revised in a timely fashion and brought into effect pursuant to Section 7(b) of the Press Council Act.

**1. Title, commencement and extension:**

(1) This code of ethics for journalists may be

referred to as the "Code of Journalistic Ethics, 2003".

(2) This Code of Journalistic Ethics shall commence forthwith.

(3) This Code of Journalistic Ethics shall apply to all news media operating in Nepal and to all journalists engaged in their calling within Nepal.

**2. Unless the subject or context requires otherwise, in this Code of Journalistic Ethics-**

(a) "Journalist" means media persons involved in journalism-oriented work such as the chief editor, editors, member of editorial board, correspondents, columnists, photo journalists, press camerapersons, cartoonists, program producers and runners, or costume, visual or language editors associated with activities such as collection, production, editing and transmission of news material through communications media of any nature or agency or organization producing and distributing news-oriented programs.

(b) "Media" includes newspapers, radio and television broadcasts, news agencies and organizations and services producing-disseminating internet news and informative and thought-oriented on-line services and



news-oriented programs.

(c) "Council" means the Press Council Nepal.

**3. The journalists and media institutions shall perform the following duties:**

(1) **<u>Protection and promotion of press freedom:</u>** The freedom of expression being a basic right of the citizen, journalists and media will always remain firm, vigilant and alert in its protection and promotion.

(2) **<u>Respect for humanitarianism, human rights and international relations:</u>** Enhance the protection and promotion of democracy, justice, equality, humanitarianism, peace and international understanding and fraternity among friendly nations, while at the same time respecting the rights, interests, principles, norms and practices guaranteed by international instruments concerned with human rights.

(3) **<u>Safeguard and enforce the right to information:</u>** Always remain active and dedicated to safeguarding the right of people to be well-informed.

(4) **<u>Imparting true and factual information:</u>** Journalists media should impart true, factual, balanced information that is faithfully objective, citing sources and also setting

out the basis for such information.

(5) **Editorial freedom and accountability:** As per the universally accepted principle of editorial freedom, the final responsibility and authority for the production and dissemination of material produced-published-broadcast by media lies with the editor. Media should guarantee editorial independence within itself.

(6) **Respect for right to privacy:** Respect personal and professional secrecy except in cases where this may have an adverse impact on the public interest.

(7) **Professionalism of a high order:** Faithfully exercise professionalism of a high order so as to be responsible, accountable and reliable, and dedicated to the basic norms and principles of journalism.

(8) **Decent behavior:** Remain alert towards working style and use of language that are moral, courteous and characterized by decency, while at the same time observing social courtesy in one's professional conduct.

(9) **Readiness to rectify errors:** Upon receiving information of any error or mistake in a publication or broadcast, to rectify such error or mistake as soon as possible, and give proper



place to any refutation or response that comes accompanied by evidence, publishing-broadcasting the same in clear language.

(10) **Social responsibility:** Journalists and media shall bear a social responsibility to render special assistance, through the dissemination of information and opinions, toward the uplift and development of the disabled, the helpless, the incapacitated, women, children and people from backward classes, sectors, nationalities and minority communities.

(11) **Respect mutual relations:** Relations between journalists and media should be professional, healthy, restrained, courteous and harmonious. Media organizations should guarantee editorial freedom in their media.

**4. The journalists and media institutions shall not carry out the following acts:**

(1) **Not undermine national integrity:** Not publish, broadcast or produce-disseminate any news and opinion that may undermine the sovereignty and integrity of multi-ethnic, multilingual and multi-religious Nepal or jeopardize the harmonious relations subsisting among people of various castes, tribes or communities, or contains any act of defamation or contempt of court or is contrary

to decent public behavior or morality.

(2) **<u>Not adversely affect social justice or goodwill:</u>** Not publish, broadcast or produce-disseminate such deformed and provocative material as may have adverse impact on social justice and goodwill and be contrary to professional dignity.

(3) **<u>Not disclose confidential sources of news:</u>** Sources should be quoted in presenting any news, for the sake of the authenticity and reliability thereof; but protecting a confidential source being a duty of the journalist, the name and identity of such a source should not be disclosed, except in case permission is given by the source.

(4) **<u>Not use news material for fulfillment of personal interests:</u>** News media or journalists are not to use the information they acquire for the fulfillment of personal interests or the interests of the organization. They should use the information material obtained for publication-broadcast or distribution only for the public consumption.

(5) **No discrimination:** Not impart any news or opinion in such a manner as to discriminate on grounds of race, gender, religion, region, language, color and the like.



(6) **<u>Do not penalize the victims:</u>** Not publish, broadcast or produce-distribute any news or opinion with the use of language, sound, picture, figure, scene or the like in such a way as to make the victim suffer further pain.

(7) **<u>Non disclosure:</u>** Not publish, broadcast or produce-distribute any news, picture or scene in such a manner as to disclose the name, address and identity of a victim in a sexual crime or in an event or context that evokes hate or brings social contempt, without the consciously given consent of the victim.

(8) **<u>Not encourage violence, terrorism and crime:</u>** Not present any news, opinion, picture, opinion survey, sound or scene in such a manner as to encourage destructive activity, violence, terrorism and crime, or exaggerate such activity.

(9) **<u>Not publish or broadcast scenes of nudity or pictures in a manner that spreads hatred, fear and provocation:</u>** Not publish any nude or horrific scene or picture or depiction of carnage in such a manner to spread hatred, terror, provocation or the pornographic in society, and do so out of context.

(10) **<u>Not mention the name of a person not related to the event:</u>** In publishing-broadcast-

ing news relating to any event, do not attach the name of a relative or someone close who is not related with the event, in such a manner as to undermine the dignity or defame the character of that person.

(11) **Not distort facts:** Not publish-broadcast or produce-distribute news material with the reworking of pictures, video visuals, sound or facts without any comment or clarity and in such a manner as to change the impression, give the wrong impression or convey a wrong meaning.

(12) **Not present advertisement as news:** Neither present an advertisement as news nor refute a news item through an advertisement; communications media shall generally not refute any news published or broadcast by another media.

(13) **Not re-use without citing the source:** With regard to news or publishing-broadcast material that has already been used by any other news agency or media, one shall not publish, broadcast or distribute the same again without citing the original source. While citing the original source the permission of the original source is generally required.



(14) **Relations with news sources:** Journalists or media should not have improper ties with news sources that exceed professional norms and parameters, or abuse the news media out of personal or institutional vested interests.

## 5. Complaints and complaint procedures:

(1) If it is felt that in the publication-broadcast or production-distribution of some news material by any journalist or media the code of ethics has been breached and for that reason any individual, group or institution has been placed in difficulty, the affected party should forward a written complaint, denial or elaboration addressed to the editor of the media concerned.

(2) It will be the duty of concerned editor and media to entertain; publish or broadcast with adequate importance and positioning any elaboration, denial or reaction received as per sub-section (1). If the editor deems any complaint, denial or reaction unfit for publication-broadcasting, the party concerned should be informed of this.

(3) If elaborations, denials or reactions forwarded as per sub-section (1) are not published or broadcast by the media concerned and no satisfactory reply is given either, the aggrieved

party can submit an application to the Press Council Nepal accompanied by copies of the elaboration, denial or reaction in question.

(4) If the elaboration, denial or reaction forwarded by the aggrieved party as per sub-section (1) is published or broadcast in a mangled and twisted form or with cuts and additions or if the aggrieved party is not satisfied with the reaction published or broadcast or if there is a desire to have the dispute settled by the Press Council itself, the aggrieved party can complain to the Press Council with the following particulars.

(a) A copy of the published or broadcast material

(b) A description of the difficulty caused by publication or broadcast of the material, and proof of this

(c) Copies of the elaboration, denial or reaction forwarded to the media concerned

(d) A description of the reply, denials or statement furnished by the editor of the media concerned

(e) A description of the correspondence with the editor of the media concerned



with regard to the material published or broadcast

In case the matter is in the process of being dealt with or under consideration by some other judicial or semi-judicial entity the Press Council will not entertain such a complaint.

(5) After receiving application lodged under Sub-sec (3), Press Council shall issue show cause notice to the concerned media on not publishing-boradcasting the complaint, denial, or clarification forwarded by the applicant and can ask media concerned to furnish written statement with reason of rejection of such publication-broadcast, if any.

(6) Notwithstanding anything contained in sub-section (3), if any journalist or media publishes and broadcasts any news material in such a manner as to have a negative impact directly or indirectly on something of public interest or concern, the Council may on its own initiate action against such journalist or media, pursuant to this Code of Ethics.

(7) Notwithstanding anything contained in sub-section (1,2,3), the Council may, after a general inquiry into the complaint and before sending a summons to the accused party,

direct the journalist or media concerned to immediately refute the news in question or beg pardon or send a reasonable reply.

(8) If a complaint on publication or broadcast of any news by a journalist or media in violation of this Code of Ethics is not filed within thirty-five days of the publication or broadcast of such news, such a complain shall not be entertained. If there is any reasonable ground for failing to file a complaint within the time limit, the Council may entertain such a complaint at any time.

(9) In filing a complaint the complainant himself/herself should include with the complaint the documentation concerning the publication-broadcast or production-dissemination of the news material in question. If however, the Press Council is satisfied that it is not possible for the complainant to include such documentation, the Council itself might seek out the documentation and hold a hearing.

(10) A victim may file a complaint with the Press Council against any journalist or media within the time-limit referred to in sub-section (8), accompanied by factual evidence showing violation of the point(s) mentioned in this



Code of Ethics. If such a complaint is filed and the Council thinks, upon holding a general inquiry, that any act has been perpetrated in violation of this Code of Ethics, the Council shall send summons, accompanied by a copy of the complaint, to the accused party, requiring that party to make an appearance along with evidence, if any, showing innocence, generally within seven days or within such time-limit before seven days as the Council may think fit.

(11) After a written response has been filed with the Council by the accused party under the above mentioned sub-sections or if no response is filed within the specified time limit, the Council shall take a decision on the matter generally within 30 days.

(12) Prior to taking a decision pursuant to sub-section (11), the Council may, if it thinks necessary, summon the presence of both the complainant and the accused party and hold discussions between them.

(13) If the complainant and the accused party reach a compromise and make a joint request in writing for compromise, the Council may execute the compromise and settle the dispute.

## 6. Provision on Decision and Enforcement

If any party is held to have engaged in conduct prohibited by this Code of Ethics, the Council shall make a decision and take action as follows:-

1) The Council shall order the media concerned to publish, broadcast or once again produce-distribute the decision taken on the complaint in such form, positioning and time as may be specified by the Council.

2) If the accused party does not carry out the order given under sub-section (1), the Council shall make a recommendation to the body concerned to suspend the press pass of such party if that party holds such a pass.

3) If the accused party does not act under sub-section (1) even after suspension of the press pass pursuant to sub-section (2), the evaluation/classification committee of the Council shall remove the media of such party from the evaluation process.

4) If the party does not observe the decision referred to in sub-section (1) even after removal from the evaluation process pursuant to sub-section (3), no assistance shall be provided to such party from the welfare fund of the Council or from other sources,



for a certain period of time.

5) If the party does not carry out the order under sub-section (1) even after being cut off from assistance under the welfare fund pursuant to sub-section (4), the Council shall make a recommendation to the body concerned to suspend from the said party the facilities to be provided by the Nepal Government, for a certain period.

Provided, however, that the Council may, if it thinks necessary, take the actions referred to in both sub-sections (4) and (5) at the same time.

6) The Council shall express its regret over the journalist and media failing to carry out any decision of the Council and publish and broadcast this matter through media.

## 7. Integral part of the ethics:

All the directives issued by the Council for the journalists, media and the media houses after the implementation of this ethcs will be considered an integral part of this code of ethics.

## 8. Repeal:

The Journalist Code of Conduct, 1998 is hereby repealed.

# प्रेस काउन्सिल सदस्य आचारसंहिता-२०६४

**प्रस्तावनाः** प्रेस काउन्सिल नेपालका सदस्यहरू पत्रकारिताको विकास गर्न, सार्वजनिक नैतिकता र मान्यताको रक्षा गर्न तथा काउन्सिलको प्रतिष्ठा र गरिमा अभिवृद्धि गर्न सदा उद्दत रहुन् भन्ने उद्देश्यले देहाय बमोजिम **प्रेस काउन्सिल सदस्य आचारसंहिता–२०६४** स्वीकृत[1] गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो आचारसंहिताको नाम "प्रेस काउन्सिल सदस्य आचारसंहिता-२०६४" रहनेछ ।

(२) यो आचारसंहिता तुरन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "काउन्सिल" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम गठित प्रेस काउन्सिल नेपाल सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ सम्झनुपर्छ ।

(ग) "काउन्सिल सदस्य" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ बमोजिमको सदस्य सम्झनु

[1] *काउन्सिलको मिति २०६४।३।८ को बैठकबाट पारित ।*

पर्छ। सो शब्दले प्रेस काउन्सिलको अध्यक्ष र काउन्सिल तथा काउन्सिल अन्तर्गत गठित समिति; उपसमितिका बैठकमा सहभागी हुने सल्लाहकार सदस्य, आमन्त्रित सदस्य आदिलाई समेत जनाउनेछ।

३. **प्रेस काउन्सिल सदस्यको पेशागत आचार**ः प्रेस काउन्सिलका सदस्यले देहायको आचारसंहिता पालना गर्नेछन्।

(क) पत्रकारिताको पेशागत मर्यादा र आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धन गर्ने काउन्सिलको उद्देश्यप्रति सदा निष्ठावान रही इमान्दारीपूर्वक ऐन, नियम, कानून र आचारसंहिताको पालना गरी पदीय दायित्व निर्वाह गर्नेछन्।

(ख) स्वस्थ पत्रकारिताको विकासका लागि उपयुक्त वातावरण सृजना गर्न, सार्वजनिक नैतिकता एवं नागरिकको मर्यादा कायम राख्न, प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन सदा प्रयत्नशील रहनेछन्।

(ग) प्रेस र सञ्चारमाध्यमको पेशागत आचरण र व्यावसायिक नैतिकताको प्रतिकूल हुनेगरी कुनै कार्य गर्ने, गराउने छैनन्।

(घ) सदा उच्च व्यावसायिक मर्यादा र नैतिकस्तर कायम राख्नेछन्।



(ङ) आफ्नो पदीय हैसियत वा निजी तवरबाट समेत काउन्सिलको विश्वसनीयता वा गरिमामा आँच पुग्ने कुनै काम कारबाही गर्ने छैनन्।

(च) आफू संलग्न वा आफ्नो नाता, सम्बन्ध वा कुनै शेयर वा संलग्नता रहेको पत्रपत्रिका वा सञ्चारमाध्यम उपरको उजुरीको विषयमा सुनुवाई गर्दा वा त्यस्तो पत्रपत्रिकाको संम्परीक्षण/अनुगमन गर्दा सहभागी हुने छैनन्।

(छ) आफ्नो पदीय दायित्वबाट विचलित हुनेगरी कसैबाट कुनै किसिमको उपहार, दान, चन्दा, सहयोग, सम्मान आदि ग्रहण गर्ने छैनन्।

(ज) काउन्सिलमा विचाराधीन रहेको वा निर्णय भइसकेको विषयलाई लिएर काउन्सिलको मर्यादा, गरिमा र विश्वसनीयतामा असर पुऱ्याउने किसिमले सार्वजनिक रूपमा कुनै प्रतिक्रिया वा टिप्पणी व्यक्त गर्ने छैनन्।

(झ) ऐन, नियमद्वारा तोकिएको काम, कारबाही सम्पादन गर्दा मरमोलाहिजा, पक्षपात, द्वेष वा प्रतिशोधको भावना राखी कुनै निर्णय गर्ने छैनन्।

(ञ) काउन्सिलका सदस्यहरूले आपसमा सदा मैत्री, असल र सद्भावपूर्ण व्यवहार गर्नेछन्।

४. **आचारसंहिता उल्लंघन भएको अवस्थाः** (१) कुनै पनि सदस्यले आचारसंहिता उल्लंघन गरेको उजुरी वा सार्वजनिक टीकाटिप्पणी भएको अवस्थामा काउन्सिलले सो विषयमा छलफल गर्नेछ ।

(२) काउन्सिलको बैठकले प्राप्त उजुरी वा सार्वजनिक टीकाटिप्पणीमा थप छानबिन गर्न जरुरी देखेमा काउन्सिलका सदस्यसहित कानून; न्याय र सञ्चार क्षेत्रका अनुभवी व्यक्ति संलग्न छानबिन समिति गठन गर्नेछ ।

(३) समितिले छानबिन गर्दा आरोपित सदस्यले आचारसंहिता विपरीत कार्य गरेको प्रमाणित भएमा उक्त समितिको प्रतिवेदनको आधारमा काउन्सिलले आरोपित सदस्यलाई सचेत गराउने, आत्मालोचना गर्न लगाउने वा निजप्रति सार्वजनिक रूपमा खेद समेत प्रकट गर्न सक्नेछ ।



# प्रेस काउन्सिल कर्मचारी आचारसंहिता-२०६४

**प्रस्तावनाः** प्रेस काउन्सिल नेपालको सचिवालयका कर्मचारीहरूले पत्रकारिताको विकास गर्न, सार्वजनिक नैतिकता र मान्यताको रक्षा गर्न तथा काउन्सिलको मर्यादा, प्रतिष्ठा र गरिमालाई अभिवृद्धि गरी काउन्सिलको निष्पक्षता र विश्वसनीयता कायम राखी प्रतिष्ठा बढाउने उद्देश्यले काउन्सिलद्वारा देहाय बमोजिम **प्रेस काउन्सिल कर्मचारी आचारसंहिता–२०६४** स्वीकृत[१] गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो आचारसंहितको नाम "प्रेस काउन्सिल कर्मचारी आचारसंहिता-२०६४" रहेको छ ।

(२) यो आचारसंहिता तुरन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा-

(क) "काउन्सिल" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम गठित प्रेस काउन्सिल नेपाल सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ सम्झनुपर्छ ।

(ग) "विनियमावली" भन्नाले प्रेस काउन्सिल कर्मचारी सेवा शर्त विनियमावली, २०५४ सम्झनुपर्छ ।

---

१. *काउन्सिलको मिति २०६४।३।८ को बैठकबाट पारित ।*

(घ) "कर्मचारी" भन्नाले प्रेस काउन्सिल कर्मचारी सेवा शर्त विनियमावली, २०५४ बमोजिम प्रेस काउन्सिल नेपालको कर्मचारी सम्झनुपर्छ ।

३. **प्रेस काउन्सिल कर्मचारीको पदीय आचारः** काउन्सिलका कर्मचारीले देहायको आचारसंहिता पालना गर्नेछन्:-

(क) काउन्सिलको उद्देश्य प्रति सदा निष्ठावान रही इमान्दारीपूर्वक ऐन, नियम र आचारसंहिताको पालना गरी तोकिएका कामहरू सदासयतापूर्वक सम्पादन गर्नेछन् ।

(ख) प्रत्यक्ष वा परोक्ष रूपमा आफ्नो नाम राखी वा नराखी कुनै पनि पत्रपत्रिका र सञ्चारमाध्यम सञ्चालन गर्ने र पत्रकारिता पेशा-व्यवसाय गर्ने छैनन् ।

(ग) काउन्सिलले गरेका निर्णयहरूको सदा सम्मान गरी सोको सदासयतापूर्वक कार्यान्वयन गर्ने, गराउने छन् ।

(घ) आफ्नो पदीय हैसियत वा निजी तवरबाट समेत काउन्सिलको गोपनीयता, विश्वसनीयता वा गरिमामा आँच पुग्ने किसिमको कुनै काम कारबाही गर्न वा गर्न दिन वा गर्न उक्साउने छैनन् ।

(ङ) आफ्नो पदीय कर्तव्यमा असर पर्ने गरी कसैबाट कुनै किसिमको उपहार, दान, चन्दा, सहयोग आदि ग्रहण गर्ने छैनन् ।



(च) आफ्नो पदीय हैसियतबाट कानून बमोजिम प्रयोगका लागि प्राप्त गरेको कुनै किसिमको सुविधाको दुरुपयोग गर्ने वा गर्न दिने छैनन् ।

(छ) काउन्सिलमा विचाराधीन रहेको वा निर्णय भइसकेको विषयलाई लिएर काउन्सिलको मर्यादा, गरिमा, गोपनीयता र विश्वसनीयतामा असर पुऱ्याउने किसिमले सार्वजनिक रूपमा कुनै प्रतिक्रिया वा टिप्पणी व्यक्त गर्ने छैनन् ।

(ज) ऐन नियम वा निर्णयद्वारा तोकिएको काम-कारबाही सम्पादन गर्दा पक्षपात, भनसुन वा द्वेष तथा प्रतिशोधको भावना राखी कुनै काम गर्ने छैनन् ।

(झ) काउन्सिलका कर्मचारीहरूका बीच आपसमा सदा आदर तथा मैत्री, असल र सद्भावपूर्ण व्यवहार गर्नेछन् ।

(ञ) काउन्सिलको गरिमा, मर्यादा, इज्जत एवं प्रतिष्ठामा नै आफ्नो पनि गरिमा, मर्यादा, इज्जत एवं प्रतिष्ठा रहेको सम्झी कर्तव्य निर्वाह गर्नेछन् ।

४. **उजुरी :** (१) काउन्सिलको कुनै कर्मचारीले पदीय आचार उल्लंघन गरेमा त्यस विषयको उजुरी जो सुकैले पनि काउन्सिलमा दिनसक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइने उजुरीमा कुन कर्मचारीले कुन आचार उल्लंघन गरेको हो सोको आधार प्रमाण खुलाउनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिमको उजुरीको सम्बन्धमा कारबाही गर्दा उजुरकर्तासँग कुनै कुरा थप बुझ्न वा विवरण पेश गर्न गराउन सकिनेछ ।

(४) उपदफा (१) बमोजिम कुनै उजुरी नपरे पनि कुनै कर्मचारीबाट आचारसंहिता उल्लंघन भएको देखेमा त्यस्तो कर्मचारीलाई काउन्सिलले कारबाही गर्न सक्नेछ ।

५. **कारबाही र सजायः** यस आचारसंहिता उल्लंघन गरी कुनै कर्मचारीले कुनै काम गरेमा प्रेस काउन्सिल कर्मचारी सेवा शर्त विनियमावली २०५४ बमोजिम काउन्सिलले आवश्यक जाँचबुझ गरी कारबाही र सजाय गर्न सक्नेछ ।